नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## प्रेस विज्ञप्ति

मिति २०७६/०९/११ गते प्रतिबन्धित नेकपा विप्लव समूहका मोरङ जिल्लाका जनसत्ता प्रमुख दिपक आचार्य सहित ४ जनाले पार्टी परित्याग गरेको भनी जिल्ला प्रशासन कार्यालय, मोरङ समक्ष आत्मसमर्पण गरेको उक्त प्रति यसैसाथ संलग्न राखी सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिएको छ ।

मितिः २०७६।०९।१२

केदारनाथ शर्मा
सह सचिव/प्रवक्ता

## आत्मसमर्पण

बस्ने खडग बहादुर कार्की को
मोरङ जिल्ला मिक्लाजुङ गा.पा. वडा नं. ३ सुन्दरीचोक र पुलामीचोक
छोरा बर्ष ६५ को म गोविन्द कार्की , चन्द्र बहादुर मगर को छोरा बर्ष ४१ को जगत बहादुर पुलामी मगर ,
पथरीशनिश्चरे-२ साधुटोल बस्ने कृष्ण प्रसाद आचार्य को छोरा बर्ष ४२ को दिपक आचार्य र विराटनगर-३ बस्ने
नेत्र प्रसाद नेपालको छोरा बर्ष ३० को नवराज नेपाल नेपालको राजनितीमा विगत क्रमश: २०५६/०५७,
२०५९/०६०,२०५८/०५९र २०६२/०६३ को राजनितिक परिवर्तन आन्दोलनबाट तत्कालिन नेकपा माओवादी
पार्टीमा आबद्ध भई जिम्मेवार पदहरुमा रही कामकाज गर्दै आईरहदा पार्टी टुटफुट सँगै, बिप्लव नेतृत्वको नेकपा
माओवादीमा समाहित भै ५ बर्ष अघिदेखि गाउँ घरमा उक्त पार्टीमा आस्था रही दिपक आचार्य जनसत्ता प्रमुख र
नवराज नेपाल मोरङ्ग सचिव भै बिभिन्न गतिविधिहरु सञ्चालन भई रहदा नेतृत्वबाट केही हुन्छ कि भन्ने आशा र
परिवर्तनका लागि कुनै पनि विश्वसनियता नदेखी पार्टीलाई विपरित गतिविधि, विध्वसात्मक, हिंसक, एवं चन्दा आतंक
जस्ता गतिविधिलाई प्राथमिकता दिई अगाडि बढिरहेको हुँदा हामीलाई राज्यको कानुन विपरित कार्य गरी गलत र
औचित्यहिन बाटोमा हिडिरहेको रहेछौं भन्ने महसुस गरेको हुदाँ । हामीले उक्त पार्टीमा कथित राजनितिक
परिवर्तनका निम्ति गरेका कार्यले सर्वसाधारण जनताहरु डर, त्रास, भयभित वातारवरणमा जिवन जिउन बाध्य
भएकोमा हामीलाई पश्चाताप भएको छ । तसर्थ अब उप्रान्त उक्त पार्टीको कुनै पनि गतिविधिमा संलग्न नभई
पार्टीको साधारण सदस्यता समेत नरहने गरी स्वेच्छाले पार्टी परित्याग गरी कानुनी राज्यलाई अंगिकार गर्नेछौं ।
नेपाल सरकारले प्रतिबन्ध समेत लगाएको विप्लव समुहका गतिविधमा संलग्न नहुने प्रण गर्दै स्वतन्त्र रुपमा आफ्नो
जिवनयापन गर्ने इच्छा भएको हुँदा आजका मिति देखि साधारण नागरिकको हैसियतमा बाकी जिवन बिताउने इच्छुक
भएकाले जिल्ला प्रशासन कार्यालय मोरङ समक्ष आत्मसमर्पण गरेको छौ ।

रोहवर,

(१) माननिय सदस्य कुल प्रसाद साम्बा
प्रदेश सभा सदस्य, मोरङ क्षेत्र नं. १ (क)

(२) श्री सोमराज थापा

१) दिपक आचार्य (जनसत्ता प्रमुख मोरङ्ग)
पथरीशनिशचरे-२ मोरङ्ग

२) नवराज नेपाल (मोरङ्ग सचिव)
विराटनगर-३ मोरङ्ग

३) गोविन्द कार्की (पार्टी सदस्य)
मिक्लाजुङ्ग-३ मोरङ्ग

४) जगत बहादुर पुलामी मगर(पार्टी सदस्य)
मिक्लाजुङ्ग -३ मोरङ्ग

ईति सम्वत् २०७६ साल पौष ११ गते रोज ०६ शुभम्